नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# राष्ट्रिय साइबर सुरक्षा केन्द्र
सिंहदरबार, काठमाडौं

एडभाइजरी नं. NCSC-1146-113-02 मितिः २०८२/०९/२३

## साइबर सुरक्षासँग सम्बन्धित पूर्वाधार व्यवस्थापन सम्बन्धी जारी गरिएको एडभाइजरी

सरकारी निकायहरुले डिजिटल सेवा विस्तार गरिरहेको सन्दर्भमा ती सेवाहरु सुरक्षित र नियमित सञ्चालन गर्न डिजिटल तथा साइबर सुरक्षा पूर्वाधारहरूको उचित जडान तथा सञ्चालन, लाइसेन्सहरू नवीकरण र अद्यावधिकको कार्य आवश्यक हुन्छ। यी पूर्वाधारको समयमै व्यवस्थापन नगर्दा सेवा वितरणमा समस्या हुने, सेवा अवरुद्ध हुनसक्ने र साइबर जोखिम बढ्न गई निकायको समग्र सेवा प्रवाहमा समेत नराम्रो असर पार्न सक्छ। यस्ता चुनौती न्यून गर्न तथा डिजिटल सेवालाई सुरक्षित रूपमा प्रवाह गर्ने उद्देश्यले यो एडभाइजरी जारी गरिएको छ।

१. आफ्नो प्रणालीमा प्रयोगमा रहेका सुरक्षा पूर्वाधार (जस्तै Firewall, Web Application Firewall (WAF), Endpoint Detection and Response (EDR), Antivirus, Intrusion Detection/Prevention System (IDS/IPS)) हरूको मोडेल, सिरियल नम्बर, Warranty अवस्था, License Period, Firmware/BIOS Version, End of Life/End of Service समेत उल्लेख गरी अनुसूचि १ बमोजिमको Asset Register तयार गर्नुहोस् र हरेक महिना अनिवार्य Update गर्नुहोस्।
२. Warranty/Support अवधि समाप्त हुनु अगाडि Renewal प्रक्रिया गर्नुहोस्। कुनै कारणवश Renewal हुन नसकेमा त्यस्ता उपकरण/Software को विवरण र हुनसक्ने जोखिम आकंलन गरी निकाय प्रमुखलाई अनिवार्य लिखित जानकारी गराउनुहोस्।
३. Vendor/OEM ले आधिकारिक रूपमा जारी गरेका Firmware, BIOS, Security Updates तथा Patches नियन्त्रित तरिकाले लागू गर्नुहोस्। यसरी Update कार्य गर्नका लागि नियोजित समय (कम Traffic हुने समयमा) तय गरी सूचना दिनुहोस्।
४. End of Life/End of Service मिति आउनुभन्दा १२ महिना अघि आवश्यक बजेट सहितको प्रतिस्थापन योजना (Replacement Plan) तयार गरी कार्यालय प्रमुखकोमा पेश गर्नुहोस्।
५. End of Life/End of Service भइसकेका उपकरणहरूलाई यथाशीघ्र Core Network/Services बाट Isolate गरी सुरक्षित रुपमा स्थानान्तरण गर्नुहोस्।

माथि उल्लेखित अभ्यासहरू कार्यान्वयन नगर्दा उत्पन्न हुनसक्ने साइबर सुरक्षा जोखिमको जिम्मेवारी सम्बन्धित कार्यालयकै हुने भएकाले यसप्रति समयमै ध्यान पुर्याउन विशेष अनुरोध छ।

सम्पर्कः info@ncsc.gov.np, टेलिफोनः ०१-४२११९३०, मो.नं.: +९७७-९८५१४०२२८९(प्रवक्ता), +९७७-९७६३६९२२८९(सुचना अधिकारी)।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# राष्ट्रिय साइबर सुरक्षा केन्द्र

सिंहदरबार, काठमाडौं

एडभाइजरी नं. NCSC-1146-113-02 मितिः २०८२/०९/२३

मिती २०८२-०९-२३ मा प्रकाशित साइबर सुरक्षा Advisory को बुँदा नं १ सँग सम्बन्धित अनुसूचि १

## Cyber Security Related Asset Inventory

| S.N. | Asset ID | Asset Type | Vendor | Model | Owning Office / Department | Physical Location | Warranty / Support Expiry Date | License Expiry Date | End of Life (EOL) Date | End of Service (EOS) Date | Criticality (High / Medium / Low) | Current Status (Active / Standby / Isolated / Decommissioned) | Risk Level (Low / Medium / High) | Action Required (Renew / Replace / Monitor / Isolate) | Target Action Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SW-001 | Switch | Cisco | Catalyst 2960X | IDMC | Server Room, IDMC | 2024-07-09 | N/A | 2026-01-01 | 2027-01-01 | High | Active | High | Replace | 2025-12-01 | Sample |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | |